शान्तिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिराघाट, दाङ
५ नं. प्रदेश, नेपाल

औषधि खरिद सम्बन्धि शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७५/१२/२५

यस शान्तिनगर गाउँपालिका चिराघाट दाङलाई यस आर्थिक वर्षमा औषधी खरिद तथा आपूर्ति गर्नुपरेको हुँदा इजाजत प्राप्त ईच्छुक उत्पादक/अधिकृत विक्रेता/सप्लायर्सले निम्न लिखित सर्तको अधिनमा रहि खरिद कार्य गर्न सिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ ।

शर्तहरू

१) मु.अ.करमा दर्ता भएको, ०७५/०७६ का लागि कार्यगर्न ईजाजत प्राप्त गरेको, २०७४/०७५ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी पेशगरी यस कार्यालयबाट शिलबन्दी दरभाउपत्र लागि १५ औं दिनभित्र कार्यालय समयमा दस्तुर तिरी शिलबन्दी दरभाउपत्र खरीद गर्न सकिनेछ ।

२) शिलबन्दी दरभाउपत्र प्रकाशन भएको १६ औं दिनभित्र १२:०० बजे यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । उपरोक्त दरभाउपत्र सोही दिनको २:०० बजे कार्यालय प्रतिनिधी, दरभाउपत्र दाता वा निजको प्रतिनिधीको रोहबरमा यस कार्यालयमा नियमानुसार खोलिने छ । दरभाउदाता वा निजको प्रतिनिधी उपस्थित नभएपनि उक्त दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३) दरभाउ पत्रसाथ तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस गाउँपालिकाको नेपाल ईन्भेष्टमेन्ट बैंक शान्तिनगर शाखाको धरौटी खाता नं ०७७०१४००२५००३० मा दाखिला गरेको सम्बन्धित बैंक भौचर वा बोलपत्र पेश गरेको मितिले कम्तिमा दरभाउपत्र को लागि ७५ दिनको म्याद भएको "क" वर्गको इजाजत पत्र प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरेको सम्बन्धि बैंक जमानत पत्र (Bid Bond) पेश गर्नुपर्ने छ ।

४) रित नपुगी म्याद नाघी अनुसार दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

५) दर्ता भएका वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालय प्रमुखमा निहित हुनेछ ।

६) दरभाउपत्र पेश गर्ने नाम, ठेगाना, समय, फोन नं. स्पष्ट सँग लेख्नुपर्ने छ ।

७) दरभाउपत्र पेश गर्दा खामको वाहिरी भागमा माथितिर कामको विवरण तथा ठेक्का नम्बर लेखि तल यस कार्यालयको नाम उल्लेख गर्नु पर्ने छ ।

८) एउटा फर्मको नाममा खरीद विक्रि गरेको दरभाउपत्र अर्को फर्मको नाममा पेश गर्न पाईने छैन ।

९) दरभाउपत्र खरीद वा दर्ता गर्ने दिन विदा वा शनिवार परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन खरीद वा दर्ता गर्न दिईने छ ।

१०) यस सूचनामा उल्लेख नभएका अन्य कुराको हकमा खरीद ऐन २०६३ र नियमावली २०६४ तथा प्रचलित अन्य कानून अनुसार हुनेछ ।

११) यस सम्बन्धि अन्य कूरा बुझ्न परेमा कार्यालय समयमा सम्पर्क राखी वा यस गाउँपालिकाको website shantinagarmun.gov.np मा बुझ्न र हेर्न सकिने छ ।

तपशील

सि.नं	ठेक्का नं	कामको विवरण	किसिम	भ्याट वाहेकको रकम (रू)	दरभाउपत्र दस्तुर	धरौटी/जमानत रकम
१	१३	औषधि खरिद तथा ढुवानी	शिलबन्दी दरभाउ	९७०६२९।९८	१०००।००	३०,०००।००

निम वहादुर के.सी.
(प्रमुख प्रशासकीय अधिकृत)

निम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत